# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २१ गते २०१७ साल

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको खनीज (ठेक) नियम (प्रथम संशोधन) २०१७ सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम खनीज (ठेक) नियम (प्रथम संशोधन) २०१७ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. मूल नियममा संशोधनः– मल नियम ८ को उपनियम (१) र मूल नियम १८ खारेज गरी त्यसको सट्टा क्रमशः देहायको नियम ८ को उपनियम (१) र नियम १८ राखिएकोछ।

८. खोज तलाश गर्ने क्षेत्रफल र दस्तूरः— (१) खोज तलाश गर्ने कामको लागि तोकेको अड्डाले घटीमा एक वर्ग मीलको दशौंददेखि बढीमा एकशय वर्गमीलसम्मका क्षेत्रफलमा खोज तलाश गर्ने ठेक्का दिन सक्ने छ र यस्तो क्षेत्रफलमा पहिलो एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 2660

वर्ग मीलको निमित्त पचास रूपैयां र त्यसदेखि बढी प्रत्येक वर्गमील अथवा जुनसुकै अंशको पनि दश रूपैयांका दरले खोज तलाश दस्तूर लाग्ने छ।

तर–खोज तलाश गर्ने क्षेत्रफल एक वर्गमीलभन्दा कम रहेछ भने पहिलो एक वर्ग मीलमा लाउने अंकको दामासाहीले दस्तूर लाग्ने छ।

१८. खानी खोल्ने क्षेत्रफलः– तोकेको अङ्कले घटीमा एक वर्गमीलको दशांसदेखि बढीमा दश वर्गमीलसम्मको क्षेत्रफलमा खानी खोल्ने अनुमति दिन सक्ने छ र खानी खोल्ने क्षेत्रफलको लमाइ कोइला वर्गको खनीज भए चौडाइभन्दा दुइ गुणा बढी र अरू धातु वा अधातु खनीज भए चौडाइभन्दा चार गुणा बढी हुने छ।

३. मूल नियम २५ पछि देहायको नियम २६ थपिएको छः–

२६. खानी खोल्ने ठेक्का नाम सारी गर्नेः– (१) मूल नियम १५ बमोजिम खानी खोल्ने ठेक्का पाएको व्यक्तिले आफूले पाएको ठेक्का मूल नियम ५ बमोजिम अनुमतिपत्र पाएको कुनै व्यक्तिलाई दिन सक्ने छ।

(२) उप नियम (१) बमोजिम आफ्नो नामको ठेक्का अन्य व्यक्तिलाई दिंदा यसरी दिए बापत सरकारलाई एकशय रूपैयाँ नामसारी दस्तूर बुझाउनु पर्छ।

आज्ञाले—
कृष्णबहादुर देउजा,
श्री ५ को सरकारका का. मु. सचिव,
उद्योग तथा वाणिज्य मन्त्रालय

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।